तीन पूर्वमन्त्रीले लिए विश्राम

वीरबहादुर बम, मुगु

मुगुका दुई ठूला पार्टीका अग्रज तीन नेता तथा पूर्वमन्त्रीले जेनजी सरकारले गरेको प्रतिनिधिसभाको निर्वाचनमा विश्राम लिनुपरेको छ। फागुन २१ गते हुने निर्वाचनमा कांग्रेसका तत्कालीन वनमन्त्री ऐनबहादुर शाही ठकुरी, एमालेका पूर्व बिनाविभागीय मन्त्री मोहन बानियाँ र कांग्रेस वरिष्ठ नेता तथा पूर्वशिक्षा राज्यमन्त्री हस्तबहादुर मल्ल उम्मेदवार बनेका छैनन्।

नेपाली कांग्रेस जिल्ला कार्यसमितिले पूर्ववनमन्त्री शाहीलाई प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ उम्मेदवारका लागि जिल्लाबाट सिफारिस गरे पनि टिकटको तालमेल नमिलेपछि यस चुनावमा विश्राम लिनुपर्‍यो। उहाँ पहिलोपटक संघीय निर्वाचन जितेर प्रथमपटक जिल्लाकै

पहिलो मन्त्री बन्नुभएको थियो। आफू चुनाव नलडे पनि पार्टीको उम्मेदवार विजय गराउन सहयोग गर्ने शाही बताउनुहुन्छ।

यस्तै, एमालेका बरिष्ठ नेता तथा पूर्व बिना विभागीयमन्त्री मोहन बानियाँले पनि योपटकको निर्वाचनमा विश्राम लिनुभएको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पार्टीको जिल्ला कमिटीले पनि उहाँको नाम सिफारिस गरेन। चुनाव लड्ने आशा र अपेक्षा हुँदा पनि बानियाँलाई योपटक विश्राम गर्नुपर्ने अवस्था आएको हो। पार्टीको उम्मेदवारलाई चुनाव जिताउन सहयोग गर्ने बानियाँले बताउनुभएको छ।

यसै गरी, कांग्रेसका नेता तथा पूर्वशिक्षा राज्यमन्त्रीले पनि यो पटकको निर्वाचन लड्न पाउनुभएन। पार्टी जिल्ला कार्यसमितिले उहाँलाई राष्ट्रिय सभामा एकल नाम सिफारिस गरेको थियो। तर पनि मनोनयनमा पर्न नसक्दा विश्राम लिनुपर्ने अवस्था आएको हो। उहाँकै रोजाइमा पार्टी राष्ट्रिय सभामा नाम सिफारिस गरेको थियो।

हरेक निर्वाचनमा चुनाव लड्ने मल्लको आशा उपेक्षा हुने गरे पनि योपटक दुई तर्फबाट विश्राम लिनुपर्ने अवस्था आयो। यति बेला मल्ल आफ्नो पार्टीको उम्मेदवारलाई चुनाव जिताउन भोट माग्न घरदैलो अभियानमा जुट्नुभएको छ।

'सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ'

डोटी, (नेस)

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का तर्फबाट कैलाली क्षेत्र नं. ५ का उम्मेदवार एवं पूर्वमन्त्री प्रेमबहादुर आलेले युवालाई स्वरोजगार र आत्मनिर्भर बनाउने लक्ष्यसहित सीपमूलक कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

धनगढी उपमहानगरपालिकाद्वारा आयोजित 'सीप तथा रोजगार मेला-२०८२' को शुक्रबार निरीक्षण तथा अवलोकन गर्दै उहाँले सो बताउनुभएको हो।

वर्तमान समयमा बढ्दो बेरोजगारी समस्याको समाधान सीप विकास र उद्यमशीलता प्रवर्द्धनमार्फत मात्रै सम्भव रहेको आलेको भनाइ छ। 'देशको ठूलो जनसंख्या युवाहरूको छ। यदि युवालाई समयमै प्राविधिक तथा व्यवसायिक सीप प्रदान गर्न सकियो भने उनीहरू रोजगार खोज्ने होइन, रोजगार दिने अवस्थामा पुग्न सक्छन्। त्यसैले युवाहरूलाई व्यावसायिक सीप सिकेर स्वरोजगार एवं आत्मनिर्भर बनाउनु आवश्यक छ।' -उहाँले भन्नुभयो।

यसै गरी, पूर्वमन्त्री आलेले युवाको रुचि र बजारको माग अनुसारका तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ। परम्परागत तालिमभन्दा पनि सूचना प्रविधि, कृषि आधुनिकीकरण, पर्यटन, निर्माण, साना तथा घरेलु उद्योगजस्ता क्षेत्रमा आधारित तालिमले दिगो रोजगारी सिर्जना गर्न सक्ने उहाँको भनाइ थियो।

चार हजार जनशक्ति परिचालन गरिने

नेपाल समाचारपत्र, बैतडी

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीमा सुरक्षाकर्मी र कर्मचारी गरेर ४ हजार ६ सय जनशक्ति परिचालन गरिने भएको छ। जिल्ला सुरक्षा समितिले निर्वाचनमा जिल्लाभर २ हजार ५ सय ९० सुरक्षाकर्मी परिचालन गर्ने प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले बताउनुभएको हो।

जसमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र निर्वाचन प्रहरी खटाइने छन्। आवश्यकता अनुसार सुरक्षाकर्मीको संख्यामा थपघट हुन सक्ने उहाँको भनाइ छ। निर्वाचनकै लागि बैतडीमा १ हजार ३ सय ७५ जना निर्वाचन प्रहरी छनोट भएका छन्। यस्तै, निर्वाचन सुरक्षालाई ध्यानमा राखेर नेपाली सेनाले पाटन, खोड्पे र शिवनाथको सुल्लेखानमा सुरक्षा बेस स्थापना र पाटनमा सशस्त्र प्रहरी बल नेपालको पनि सुरक्षा बेस स्थापना भएको छ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जिल्लामा आवश्यक सबै तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी थापाले बताउनुभयो। यस्तै, निर्वाचनकै लागि १० प्रतिशत जगेडासहित गरी १ हजार ४ सय ४२ कर्मचारी खटाइने भएको छ। कर्मचारी परिचालनका लागि जिल्लास्थित सरकारी कार्यालयबाट विवरण संकलन गरिसकेको जिल्ला निर्वाचन अधिकारी खगेन्द्र भारतीले बताउनुभयो।

केही दिनभित्रै निर्वाचनमा खटिने कर्मचारीको खटनपटनको कार्य अगाडि बढाइने भएको छ। जिल्ला सुरक्षा समितिका अनुसार १ सय २९ मतदानस्थलमध्ये ३३ अति संवेदनशील, २८ संवेदनशील र ६८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ। यस्तै, २ सय १४ मतदान केन्द्र कायम गरिएका छन्।

१ लाख ५६ हजार ३ सय ७२ मतदाता रहेका बैतडीमा ११ जनाको उम्मेदवारी रहेको छ।

मुख्यमन्त्रीले डाक्टर नभेटेपछि

हेटौंडा, (नेस)। वागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बुधबार साँझ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत हेटौंडा अस्पतालको छड्के अनुगमन गर्दा ड्युटी समयमा डाक्टर र कर्मचारी भेटिएनन्। त्यसपछि बिहीबार मन्त्रालयकी सचिव डा. सुमित्रा गौतम, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली, रजिस्ट्रार तथा हेटौंडा अस्पताल अध्यक्ष भीमसागर गुरागाई, निमित्त डाइरेक्टर डा. हरिबहादुर खड्कालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बोलाई छलफलसहित निर्देशन दिनुभएको छ। ड्युटी समयमा अस्पतालमा नभेटिने डाक्टर/कर्मचारीलाई सचेत गराई तत्काल सुधार गर्न उहाँले निर्देशन दिनुभएको हो। अन्यथा, प्रदेश सरकारले त्यस्ता गैरजिम्मेवार कर्मचारी तथा डाक्टरहरू र अस्पताल प्रशासनलाई कारबाही गर्ने उहाँले चेतावनी दिनुभयो।

कीर्तिपुर वहुउद्देश्यीय सहकारी संस्था लि.

नयाँवजार, कीर्तिपुर-९, काठमाण्डौं
फोन नं. ०१-४३३०६०९, ०१-४३३५५५१

धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गर्ने ३५ दिने सूचना पुनः प्रकाशित गरिएको बारे

प्रकाशित मिति : २०८२/११/०४ (नेपाल समाचारपत्र)

यस सहकारी संस्थाको तर्पशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न मितिमा ऋण लिई ऋणको सम्झौता वमोजिम तोकीएको समयावधी भित्र तिर्न बुझाउनु पर्ने रकमहरु नबुझाई अटेर गरी बसेकामा संस्थाले ऋणीलाई पटक-पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत ऋणीले ऋण भुक्तान गर्न चासो नदेखाई बसेको हुँदा ऋणीले ऋण तमसुक सम्बन्धी शर्त बन्देजहरुको उलङ्घन गर्नु भएकोले मिति २०८२ साल श्रावण महिनाको २९ गते बिहिवारको दिन नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित भई आएकोमा मिति २०८२/०५/२४ गते देखि भएको शान्तिपूर्ण आन्दोलनमा केहि युवाहरुले देशभर विभिन्न सरकारी कार्यालय, नीजी तथा व्यापारिक क्षेत्रमा आगजनी गरी सम्पूर्ण क्षेत्रको सेवा प्रवाह बन्द, कर्फ्यु लगायतका कारणले गर्दा लिलाम कारबाही प्रकृया अगाडी बढाउन नसकेको हुँदा धितोमा रहेको तर्पशिलमा उल्लेख भए बमोजिमको सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा रहेको अचल सम्पत्ति लिलाम विक्री गर्न पुनः ३५ दिने सूचना जारी गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता गर्न नआएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन र सो दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन शिलवन्दी लिलाम बढाबढ बोलपत्र पेश गर्न आव्हान गरिन्छ। लिलाम बढाबढ बोलपत्र पेश गर्दा आफुले बोल कबोल गरेको ३५औं दिन सम्मको व्याज र अन्य दस्तुर जोडी हुन आउने डांक मूल्यको १० प्रतिशत रकम यस सहकारी संस्थाको नाममा रहेको **एभरेष्ट बैंक लि.** कीर्तिपुर, काठमाण्डौंको खाता नं. **०२९००१०५२०००४९** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नु पर्नेछ। रीत नपुगेको म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन। कर्जा सुरक्षण वापत् लेखि दिएको धितो अचल सम्पत्ती सहकारी ऐन, नियमावली तथा यस संस्थाको विनियमावली वमोजिम धितो सुरक्षण लिलाम गरी वा कानुनी कारवाही गरी संस्थाको लेना रकम असुल उपर गरी कथंकदाचित धितो लिलाम विक्री हुन नसके यसै संस्थाले धितो सकार गर्नु परेमा नपुग बराबरको बाँकी वक्यौंता ऋणी एवं जमानीकर्ताको अन्य जायजेथा वाट असुल उपर गरिने व्यहोरा समेत यसै साथ जानकारी गराईन्छ।

तपशिल:

क्र. सं.	ऋणीको नाम/ठेगाना	धितोमा रहेको अचल सम्पत्ती	ऋणीको फोटो	साक्षीको विवरण	साक्षीको फोटो
१	**ऋणीको नामः** होम बहादुर मिश्र/पार्वती मिश्र **बाजेको नामः** लोक वहादुर मिश्र **बाबुको नामः** प्रेम बहादुर मिश्र (ना.प्र.नं.२१४०।४१०६, मिति २०४५/०१/०९ र २४०५९/२४२, मिति २०६३/१०/२२, जि.प्र.का.सिन्धुपाल्चोक) ठेगानाः गोकर्णेश्वर न.पा.वडा नं. ६, नारायणटार	ऋणीहरुको संयुक्त नाममा मालपोत कार्यालय चावाहिलमा दर्ता कायम रहेको साविक जोरपाटी वडा नं.४ सिट नं. १०२-१०२९-२० कित्ता नं.२३७ क्षेत्रफल १२७.२० ब.मी.मा बनेको घरजग्गा र उक्त घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापत समेत		क) का.जि.गोकर्णेश्वर न.पा.वडा नं.६, नारायणटार वस्ने वर्ष ३१ को सुमन मिश्र.....१ ख) ऐ.ऐ.वस्ने वर्ष २८ को जयराम मिश्र.....१	

धितो लेखीदिने तथा व्यक्तिगत धन जमानी दिनेलाई सूचना

उल्लेखित सूचनाको म्याद भित्र यथा सिघ्र ऋणको बाँकी वक्यौंता राफ साफ गरी आफ्नो सम्पत्तीको उचित संरक्षण गर्न समेत यसै सूचनावाट अनुरोध गरिएको छ। तोकीएको दिन लिलाम विक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामवाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रकृयामा समेत धितो धनीलाई उपस्थित हुन सुचित गरिएको छ। धितो लेखि दिएको सम्पत्ती लिलाम विक्री गरी वा सहकारी संस्था आफैले सकार गर्दा समेत साविक सहकारी संस्थावाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम विक्री भयो वा सहकारी संस्था आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम विक्री भयो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।

लिलामका शर्तहरु:

१. लिलामको सिलबन्दी प्रस्तावमा सबै भन्दा बढी सिलबन्दी प्रस्ताव गर्ने व्यक्ति/संस्थाले आफुले कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम संस्थामा वा संस्थावाट तोकीएको बैकमा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले संस्थावाट लिलाम निश्चियत सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ती बुझी नलिएमा धरौट वापत्को रकम स्वतःजफत हुनेछ।
३. सिलबन्दी प्रस्तावमा सबै भन्दा बढी कबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा निहित रहनेछ।
४. लिलाम विक्री भएको अचल सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. लिलाम विक्री गर्दा कसैले नसकारेमा वा वोल कवोल गरेको रकम सहकारी संस्थालाई चित्त बुझ्दो नभएमा यस सहकारी संस्थाले उक्त सम्पत्तीको स्वामित्व आफुले लिन सक्नेछ।
६. लिलाम गर्दा लाग्ने सम्पूर्ण खर्च रकम ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ। साथै लिलाम सकार गर्ने व्यक्ति/संस्थाले सकार गरी लिएको जायजेथा आफ्नो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति/संस्था स्वयंले व्यहोर्नु पर्नेछ।
७. लिलाम बढाबढ मिति, समय र स्थानः-
मिति २०८२/११/०९ गते समयः दिनको १:०० वजे, स्थानः संस्थाको कार्यालय, कीर्तिपुर-९, काठमाण्डौं।

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४
(**आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना–९.०५ मे.वा.**)
वेवसाईटः **https://www.ridgeline.com.np**, इमेल : **info@ridgeline.com.np**

साधारण शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना

रिज लाइन इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख) को २२% अर्थात् रु.२६,०७,००,०००/- (छब्बिस करोड सात लाख) रकम बराबर रु.१००/- अंकित दरका २६,०७,००० (छब्बिस लाख सात हजार) कित्ता साधारण शेयरे मध्ये १०% अर्थात रु.११,८५,००,०००/- रकम बराबरको रु.१०० अंकित दरका ११,८५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि, १२% अर्थात रु.१४,२२,००,०००/- (चौध करोड बाइस लाख) रकम बराबरको रु.१००/- अंकित दरका १४,२२,००० कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात रु.१,४२,२०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका १,४२,२०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि, २ प्रतिशत अर्थात २८,४४० कित्ता साधारण शेयर कम्पनिका कर्मचारीहरुका लागि र ५ प्रतिशत अर्थात ७१,१०० कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरेको शेयर निष्कासन तथा बाँडफाँड गरी बाँकी रहेको ११,८०,२६० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८२ माघ २८ गते बुधबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ फागुन ०४ गते** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा बैंक तथा बित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ फागुन ०४ गते** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दैछौं।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.: ०१- ४१६९१००, ५९७०२००
२.	रिज लाइन इनर्जी लिमिटेड, ल.म.न.पा-०१, ललितपुर वेवसाइट : www.ridgeline.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइटः www.sebon.gov.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

कम्पनीको संक्षिप्त वित्तीय विवरण सम्बन्धी विवरण

विवरण	वास्तविक			प्रक्षेपित		
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	२१।५७	१२।३०	७।९२	८।०२	११।२२	१२।५१
प्रति शेयर नेटवर्थ रु.	१३६।६९	१२६।३९	१३१।३६	१२५।०८	१३६।२९	१४८।७९
संचित नाफा नोक्सान (रु हजारमा)	८६,८७७।०२	१५९,५५१।२७	२८९,८५५।७३	२९७,२५७।१२	४,३०,०७२।२४	५७८,२०६।७३
प्रति शेयर आम्दानी रु. (IFRIC 12 बाहेक)	-२।१७	८।९२	७।९२	८।०२	११।२२	१२।५१
प्रति शेयर नेटवर्थ रु. (IFRIC 12 बाहेक)	९२।२०	१०५।७५	११८।२८	११५।२२	१२६।७५	१३९।५९
संचित नाफा नोक्सान (रु.हजारमा) (IFRIC 12 बाहेक)	-१८,४६८।३१	३४,७६९।७६	१६८,९८९।०६	१८०,३०५।३०	३१७,०३५।२६	४६९,०८४।५९

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम	प्रति मेगावाट लागत रकम	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति
सुपर चेपे जलविद्युत आयोजना	९.०५ मे.वा	रु.२ अर्ब ९ करोड ६० लाख	रु.२३ करोड १६ लाख	२०७८/०२/०७
अनुमति बहाल रहने मिति	**विद्युत उत्पादन अनुमतिको बाकी अवधी**	**साधारण लगानी फिर्ता हुने अवधी**	**डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी**	**परियोजना सरकारलाई हस्तान्तरण गर्ने मिति**
२११३/०२/०६	३० वर्ष ११ महिना	७ वर्ष ४ महिना	१० वर्ष ९ महिना	२११३/०२/०६

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमाडौंबाट इस्यूवर रेटिङ्ग गराई CARE-NP BB(Is) [Double B (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ। केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB (Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः सेप्टेम्बर १८,२०२५, रेटिङ्ग ग्रेड बहाल रहने अवधिः अक्टोबर ८, २०२६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ माघ १५ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.ridgeline.com.np, नेपाल धितोपत्रवोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

सारकी पुतुवारको छोरा, सीता देवी पुतुवारको पति, वागमती प्रदेश, काठमाण्डौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. ४ वस्दै आउनु भएका पाकचा पुतुवारको मिति २०८२/०८/२९ मा मृत्यु भएकाले निजको नाउँमा यस विकास बैंकको बचत खाता नं १२००१८००६६२२४५०००००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी काठमाण्डौं जिल्ला, गोकर्णेश्वर नगरपालिका, वडा नं. ४ वस्ने निज मृतकको पत्नी सीता देवी पुतुवारले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक वाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अग्राधिकारवाला हकदारहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय गोकर्णमा निक्षेप उपर हकदावी गर्नुहोला। सुचनाको म्याद भित्र प्राप्त नभएका र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ७१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९६०३६-१२
शाखा कार्यालयः गोकर्ण फोन नं. ०१-४८०१३९२/२१९
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Triveni Byapar Co. Pvt. Ltd.** कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

SR No.	Description	SIZE	Brand	Model	Capacity	Origin	Unit	Per Unit Prices	MRP
1.	REFRIGERATOR	253 LTRS	SAMSUNG	RT40H28WNPIM	N/A	INDIA	Pcs	60,990	60,990

विक्रेता फर्मको नाम : *Triveni Byapar Co. Pvt. Ltd.* **प्यान नं.** : *300058143*
ठेगाना : *Putalisadak, Kathmandu* **फोन नं.** : *01-4242317*

Nepal Electricity Authority

Invitation for Electronic Bids

(Date of publication 16th February, 2026 (04/11/2082))

Name of Office	Tender No./Types of Bidding	Description of Works/Jobs
Lahan Sukhipur 132 kV Transmission Line Project (Contact No:-9851126316)	LSTL/NEA/NCB-082/83-01	Procurement of Plant: Design, Supply, Construction, Installation, Testing and Commissioning of Lahan Sukhipur 132kV Double Circuit Transmission Line
Chandrapur-Sukdev Chowk 132 kV Transmission Line Project (Contact No:-9855043932)	NEA/NCB/CSTLP/2082/83-01	Procurement of Plant: Design, Supply, Construction, Installation, Testing and Commissioning of Chandrapur-Saruatha 132kV Double Circuit Transmission Line

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल।

बक्यौता रकम दाखिला गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/०४

ललितपुर महानगरपालिकाको क्षेत्र भित्र रहनु हुने करदाताहरुले आ.व. ०८१/०८२ सम्मको तिर्नु/बुझाउनु पर्ने आर्थिक ऐन बमोजिमको बक्यौता रकम दाखिला गर्न पटक पटक ताकेता गर्दा समेत हालसम्म दाखिला गर्न नआउनु भएकोले दाखिला गर्न आउने बारेको पुनः यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बाँकी बक्यौता रकम सम्बन्धित वडा कार्यालय/महानगरपालिकामा दाखिला गर्नु हुन अनुरोध छ। तोकिएको म्यादभित्र बाँकी बक्यौता रकम दाखिला नगरेको खण्डमा यस महानगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८० को दफा ३२ एवं प्रचलित कानुन बमोजिम भइ जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

राजस्व महाशाखा